# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

प.सः ०८१/०८२
च.नं. ५४५१

मिति २०८२/०३/०६

विषय : भुक्तानी कार्य शिघ्रतापूर्ण गर्ने सम्बन्धमा।

**अत्यन्त जरुरी**

श्री वडा कार्यालयहरु (सबै),
श्री विषयगत शाखाहरु (सबै),
श्री सामुदायिक विद्यालयहरु (सबै),
श्री निर्माण व्यवसायीहरु, आपूर्तिकर्ताहरु, टोल विकास सँस्था तथा उपभोक्ता समितिहरु (सबै),
श्री सरोकारवालाहरु (सबै),
अर्जुनधारा नगरपालिका, झापा ।

प्रस्तुत विषयमा हामी आर्थिक वर्ष २०८१/८२ को अन्त्यतिर आइसकेका छौं । मुलुकभरका ७५३ स्थानीय तहहरुको एउटै मात्र भुक्तानी प्रणाली स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) रहेको हुँदा वर्षान्तमा भुक्तानी प्रणालीमा हुने अधिक चापले सर्भर ढिलो हुने कारणले भुक्तानीमा समस्या उत्पन्न भई भुक्तानी कार्य अत्यन्तै कठिन हुने गरेको हामी सबैलाई अवगत नै छ ।

यसै सन्दर्भमा महालेखा नियन्त्रक कार्यालयको प.सं. २०८१/८२ मिति २०८२/०२/२० च. नं. १४२ समेत प्राप्त भई भुक्तानी समयमै सम्पन्न गर्न अनुरोध भई आएको छ । *आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम १ र ७ अनुसार आर्थिक वर्ष समाप्त हुनुभन्दा सात (७) दिन अगाडि सम्ममा भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था* छ।

स्थानीय तहको भुक्तानी प्रणाली (SuTRA) असार २४ गते नै बन्द हुने भएकाले सो भन्दा ७ दिन अघि अर्थात् असार १७ गते भित्रमा यस नगरपालिकाले भुक्तानी गरिसक्नुपर्ने र भुक्तानीका लागि पेश भएका कागजातहरुको जाँच गर्न र आवश्यक परेको अवस्थामा फिल्ड अवलोकन समेत गर्न कम्तिमा ३ दिन आवश्यक पर्ने हुँदा चालु आर्थिक वर्ष २०८१/८२ को नगरपालिकाको विनियोजन ऐन बमोजिमका नगरपालिकासँग सम्झौता भई वा कार्यादेश पाई संचालित योजना तथा कार्यक्रमहरुको भुक्तानी र पेश्की फछ्र्यौटका लागि सम्पूर्ण प्रकृया पूरा गरी मिति २०८२ साल असार १३ गते भित्रमा नगरपालिकाको आर्थिक प्रशासन शाखामा फाइल पेश गर्नुहुन अनुरोध छ । समयमै कागजात पेश नभएको र स्रोत अभावका कारणवाट भुक्तानीमा समस्या आएमा कार्यालय जवाफदेही नहुने व्यहोरा जानकारी गराइन्छ ।

गोविन्द रिजाल
लेखा अधिकृत

तिलोचन रिमाल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं : ०२३-५९७००२/०२३-४६५५०२
इमेलः arjundharamun@gmail.com/info@arjundharamun.gov.np
वेबसाइटः www.arjundharamun.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office
अनामनगर, काठमाण्डौं
(अन्तर सरकारी वित्त समन्वय शाखा)

फ्याक्स नं.- ०१-४४७०३८९
फो.नं.- ०१-४७७११५०
ईमेल : igfcs@fcgo.gov.np

प.सं. २०८१/८२
च.नं. १४२

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

मिति :- २०८२।०२।२०

श्री स्थानीय तह, (७५३ सवै)
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, (सवै)

विषय :- भुक्तानी कार्य सिघ्रतापुर्ण गर्ने सम्वन्धमा ।

उपर्युक्त सम्वन्धमा यस महालेखा नियन्त्रक कार्यालयवाट स्थानीय तह सरकारहरुको वित्तीय व्यवस्थापन कार्यमा सुत्र प्रणाली मार्फत सहजिकरण गरिरहेको व्यहोरा अवगत नै छ।

७५३ स्थानीय तहहरुले वजेट निर्माण गर्दा नै त्रैमासिक रुपमा कार्यक्रम अनुसार काम सम्पन्न गरी समयमा खर्च गर्ने गरी पालिकाहरुले प्रतिवद्धता गरेको भए पनि चैत्र मसान्त सम्ममा ७५३ को खर्चको प्रगती करिव ३० प्रतिशत मात्र रहेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० उपनियम ७ अनुसार आर्थिक वर्ष समाप्त हुनु भन्दा सात (७) दिन अगाडि सम्म (यस आ व २०८१/८२ मा असार २५ सम्म) मात्र भुक्तानी हुने हुदा निर्धारित समय भित्र भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा वन्द गर्नुपर्ने भएकोले असार महिनामा भुक्तानी कार्यमा अत्याधिक चाप हुने, जसले गर्दा प्रणालीमा पनि सोही अनुरुप चाप पर्ने भएकाले सवै स्थानीय तहहरुवाट सवै प्रकारका खर्च सम्वन्धी कार्य भुक्तानीका लागि कार्य वातावरण वनाइ यथासमयमा सम्पन्न गर्न हुन अनुरोध छ। समयमा भुक्तानी नहुदा सिर्जना हुन सक्ने जोखिम तथा अर्को आ व मा वढ्न सक्ने दायित्व वारे सचेत भइ सवै काम समयमा सम्पन्न हुन समेत अनुरोध छ।

८२।२।२०

(यज्ञ प्रसाद ढकाल )
उप-महालेखा नियन्त्रक